# आधुनिक शुनःशेफको कथा

-चंकी श्रेष्ठ

पुराण युगमा शुनःशेफलाई बाबुआमाले बेचेका थिए । अजीतगर्त ब्राह्मण कतिसम्म गरिव थिए भने उनले आफ्नै छोरालाई बलिको बोको बनाएर बेच्नुपरेको थियो । जेठो बाबुको प्यारो थियो, कान्छो आमाको । शुनःशेफ बीचको थियो । बेचिने सौभाग्य अनि त उसैले पाउने भयो नि !

भोकले चिच्याइरहेको शुनःशेफलाई आमाले भनिन्,' ए माइला, एकछिन दाइसँग खेल्न जा न छोरा ।'

'पेटभरि खानदिनुस् है त ?' शुनःशेफले भन्यो,' पालो आज मेरै हो क्यारे ! हिजोमात्र कान्छुले खा'को त हो नि !'

'अँ, कान्छुलाई भोकै राखेर तँलाई ख्वाउनुपर्ला नि !'

'अँ, कहिले दाइको पालो रे, कहिले कान्छुको । मलाई भने कहिल्यै पेटभरि खानदिनु हुन्न !'

'तेरो बा र मैले पानीमात्र खाएको आज सात दिन भइसक्यो, तँलाई भने पेटभरि खाने सुर्ता छ । ल भैगो, भाइलाई खेलाउन लगिस् भने अलि बढीचाहिँ दिउँला नि त ।'

महाराज हरिश्चन्द्र जलोदर पीडाले ग्रस्त थिए । उनको रोग निदानका लागि बटुक ब्राह्मण किनेर ल्याउनू भनी महामन्त्रीबाट आज्ञा भएको थियो । त्यसका लागि सिपाहीहरू पाँच हजार असरफी बोकेर हिँडेका थिए । एक महिनाभित्र यो काम फत्ते गर्नू भनी आदेश भएको थियो, तर अट्ठाइस दिनसम्म कुनै सुइँको थिएन ।

अजीतगर्तको घरमा बास बसेका सेनाले सोधे,'यता त्यस्तो गरिब कोही छैन बाजे ?'

गरिबीको भुंग्रोले पिल्सिनुसम्म पिल्सिएका अजीतगर्तको मनमा कसोकसो पापले अलिकति डेरा जमायो । राती उनले पत्नीसित छलफल गरे ।

'तीनैजना भोकले मरेको हेर्नुभन्दा त बरु एउटालाई बेचेर बाँकी दुईको लालनपालन गर्नु बेश । के भन्छ्यौ तिमी ? फेरि यस्तो मौका बारम्बार आउँदैन पनि ।'

'आफ्नै मुटु चटक्क चुँडालेर कसरी अरूका लागि बलि दिन पठाउनु ?' पत्नीले भनिन्,' फेरि कसलाई पो बेच्नू ।'

'जेठोबाठोलाई त कसरी बेच्नू ? अरू दुइटामा तिमी जसलाई भन्छ्यौ ।'

'भर्खर तोतेबोली फुटेको कान्छुलाई त म छोड्नै सक्तिन ।'

त्यसपछि बलिको बोको बनाएर शुनःशेफलाई बेचिएको थियो ।

पुराण युगको यो कथा पाठकको सुविधाका लगि मात्र आएको हो । आधुनिक शुनःशेफको कथाको अर्थ त्यसपछि मात्र खुल्ने देखिन्छ, त्यसैले । अब यो आधुनिक शुनःशेफको कथा हो जसलाई प्रत्येक पल यो समय बेचिरहेको छ । (त्यसो त यो पनि पुरानै शुनःशेफको कथाको पुनरावृत्ति नै हो । थोरै अन्तर के छ भने युगअनुसार यसको पर्याप्त आधुनिकीकरण पनि भएको छ ।) नाम यसको जे पनि हुनसक्छ- राम, हरि, श्याम, शिव, अभय, अमर, विजय, अजय, अशोक आदि । सजिलोका लागि हामी यसलाई पनि शुनःशेफ नै भनिदिऊँ । पुराण युगको शुनःशेफको बाबुआमा त थिए- तर, बाबुआमा उसका लागि थिएनन् । अब हेरियोस्, यो हाम्रो शुनःशेफको पनि देश त थियो, तर देश उसका लागि थिएन नि !

शुनःशेफ कुनै एउटा अन्तर्वार्ताको परिणाम सुनेर फर्किरहेको थियो । प्रत्येक पल्ट अन्तर्वार्ताको परिणाम सुनेपछि भूपि शेरचनले भनेजस्तै जीवन उसलाई काखीको पसिनाजस्तै गनाउँथ्यो । यो परिणामले मात्र उसलाई जीवनमा सुवास दिनु भनेर कुन कानुनमा लेखिएको थियो र ?

उसलाई अहिले ध्रुवचन्द्र गौतमका कथा 'विशेषज्ञ'को एउटा पात्रको दुर्नियतिसँग साक्षात्कार हुने खतरा थियो । अन्तर्वार्ता दिँदा दिँदा त्यो पात्र  अन्तर्वार्ता विशेषज्ञ त बन्छ, तर कहिल्यै सफल हुँदैन । जब

उसको मृत्यु भएर मलामीहरू दाहसंस्कार गरेर फर्किरहेका हुन्छन्, त्यसैबेला उसको अन्तर्वार्ता सफल भएको खबर आउँछ। यो स्थितिलाई के भन्ने अब ?

जब अन्तर्वार्ताको परिणाम निस्कन्थ्यो, परिणाम निकाल्नेहरू ऊबेलाको राष्ट्रिय गाउँ फर्क अभियानलाई नै बिर्साउने गरी अनुसन्धान गर्न थाल्दथे- यो कुन पार्टीको हो ? हाम्रै पार्टीको हो भने साधारण सदस्य हो कि विशेष ? परेको बेला यसले पार्टीलाई सहयोग गर्ने ल्याकत कतिको राख्छ ? स्पष्ट थियो- ऊ कतैको थिएन। कतैको नभएपछि परिणाम पनि कतै न कतैको नै हुने भयो नि ! यसरी त ऊ जन्मजातै र मृत्युपर्यन्त कतै न कतैको रहने खतरा प्रत्यक्ष हुँदै थियो। तर, ऊ भने त्यस्तै बितिरहेको थियो।

घरमा त भन्नै परेन ऊ माहिलो छोरा थियो। त्यसैले त यस कथामा शुनःशेफ भनेर चिनियो।

ऊ निकै थाकेर घर फर्किएको थियो।

'जेठाले कत्रो प्रगति गरिसक्यो, खै यो शुनःशेफको बेकारीले त हामीलाई नै मार्छ कि कसो हो ?' बाबु भनिरहेका थिए।

'कान्छाले पनि त शहरमा घर किनिसक्यो,' आमा भनिरहेकी थिइन्, 'यो माइलाले भने माखो मार्ने भएन।'

'के गर्नू, खसी-बोका भएको भए बेच्नु हुन्थ्यो,  नभए काटेरै खानु हुन्थ्यो, यो त छोरै पऱ्यो।'

शुनःशेफ चुपचाप घर पस्यो। सबै सुन्यो, तर सुनेजस्तो गर्नु भएन। ऊ भोकले निकै रन्थनिएको थियो। तर उसका लागि खाजा कहिले पाक्थ्यो त ? माग गर्नु सानोतिनो महाभारत निम्त्याउनुजस्तै हुनसक्थ्यो।

बाह्र वर्षअघि उसले बीए पास गरेको थियो। तर, त्यसभन्दा धेरै अघिदेखि नै ऊ काम खोजिरहेको थियो। पेसै कामको खोजी भइरहेको थियो। तर, काम त आफैँ हराएको सूचना टाँसेर कतै गुप्तवास पसेको थियो कि कसो हो कतै भेटिइरहेको थिएन।

ठेकेदारी गरेर दाजुले वीर पुरुषको उपाधि त हासिल गरिसकेकै थियो- साथै, बाबुआमा र भाइबहिनीलाई पौरखी बन्ने प्रेरणा प्रदान गरेर भिन्नै बसेर आफ्नो परम् कर्त्तव्य पनि निर्वाह गरिरहेकै थियो। भाइ त असली अर्थमा दाइ पो थियो त। त्यो कुनै व्यापारीको पछि लागेर, हङकङ, बैंककलाई पानी-पँधेरो बनाएर प्रशस्त प्रगति गरिरहेको थियो, र बेरोजगार दाजुप्रति कतिसम्म सहानुभूति देखाइरहेको थियो भने हाम्रो यो शुनःशेफलाई त प्रत्येक पल आत्महत्या गरिरहेको अनुभव हुन्थ्यो।

ठूले र कान्छु त सम्पत्तिजस्तै स्वास्नी र छोराछोरी पनि कमाएर परम् पुरुषार्थी सावित भइसकेका थिए। शुनःशेफको मामला त फरक थियो ! बेकारीकै कारण ऊ स्वास्नी कमाउन पनि असफल भइरहेको थियो। जसरी जागिर उपियाँजस्तै उम्किरहेको थियो, प्रेमिकाले पनि यही उपमालाई शान्दार तरिकाले सार्थक बनाइदिएकी थिई। एक दिन प्रेमिका ऊसँग सपनाको डोरी बाटिरहेकी थिई, युधिर थापाको कुनै नायिकाजस्तै। त्यो कति महंगो थियो भने उसलाई अमन हुनथाल्यो। प्रेमिका असाध्यै राम्री थिई, यसमा शंका थिएन। यसकै कारण उसलाई समय- समयमा मनै थाम्न मुश्किल पर्थ्यो, फक्रेको फूल टपक्क टिप्ने चाहनासाथ। ढाँटेरै उसले यो केटीसँग प्रेम सम्बन्ध गास्न सफल भएको थियो, आफ्नो क्रुर निम्नमध्यमवर्गीयतालाई छोपेर। त्यसका लागि उसले केही बारसार अवश्य लाउनु परेको थियो, र त्यसलाई थामिरहेकै पनि थियो। नत्र भनू नै भने  नच्यातिएको मोजा लगाउने अवसर सायदै उसलाई जुर्ने गर्थ्यो। अण्डरवियर सधैँ यस्तो हालतमा हुन्थ्यो कि नुहाउनु उसलाई नोकरीकै अन्तर्वार्ता पास गरेजस्तो लाग्थ्यो। प्रष्ट छ- त्यो त 'लुगा पुराना जसरी त्यजेर' भन्ने श्लोक नै भट्याइरहेको भान हुन्थ्यो।

एक दिन जब यो ढाँट थाम्न उसलाई मुश्किल परेको थियो, र सत्य बताइदिएको थियो, करेन्ट छुटेको बत्तीजस्तै प्रेमिका ऊबाट छुट्टिएकी थिई। फेरि एक दिन स्वस्थानी कथामा ईश्वरी प्रकट भएजस्तै एक्कासि प्रकट भएकी थिई। उसको हातमा इन्भिटेसन कार्ड थियो आफ्नै बिहेको। बिहे हाम्रो यो

शुनःशेफसँगै हुनलागेको हुँदो हो त त्यो शुनःशेफका लागि र पाठककै लागि पनि कति सुखद सरप्राइज हुँदो हो । तर, परिस्थिति त्यस्तो कहाँ भइदिन्छ र मान्छेले सोचेजस्तो ! फिलिमहरूमा निकोल किडम्यानले जस्तै प्रेमिका त चुनौतीको भाषामा पो भन्नथाली, 'मेरो बिहे हुँदैछ, एक जना उद्योगपतिसँग । हेर्नू, हाम्रो बिहेले लक्ष्मी मितलकी छोरीको बिहेलाई बिर्साउनेछ ।' प्रेमिका उही भारतीय उद्योगपति लक्ष्मी मितलकी छोरीको बिहे सम्झाइरहेकी थिई जसको बिहेलाई संसारकै महंगो बिहे मानिएको थियो ।

त्यसपछि एकप्रकारले अलि होलै मानेर प्रेमिकालाई बधाई भनिदिएको थियो । नढाँटी भनू भने शाश्वत प्रेममा उसलाई विश्वास थिएन पनि । नभन्दै त्यसपछि जति केटी उसको सम्पर्कमा आए, र ऊसँग प्रीतिको गीत गाए, तीमध्ये कसैसँग पनि उसको प्रेम दुई हप्ता पनि लम्बिन सकेन । कारण पारदर्शी नै भएको हुनुपर्छ ।

राजनीतिमा उसले फलिफाप देखेको थियो । जिन्दगी त्यता अलि होलो हुने अड्कल काटेर त्यतै हेलिने विचार गर्‍यो त्यसपछि । आफूले भोट दिने गरेकै पार्टी ज्वाइन पनि गर्‍यो । जुनसुकै हिसाबले ऊ त्यहाँ पसेको किन नहोस्, पसेको त ऊ आफूसित गान्धीलाई नै लिएर पसेको थियो । तर, त्यहाँ त एक से एक नत्थुराम गोड्सेहरू बन्दुक भिरेर खडा थिए नि त ! अतः चाँडै नै त्यहाँ उसको गान्धीको हत्या हुने खतरा थियो । त्यस स्थितिमा कतिञ्जेल ऊ त्यहाँ टिक्नसक्थ्यो र !

अब बन्दुक बोकेर जंगल नपसी सुखै छैन, उसको निराश मनले उसलाई भन्यो । तर, ऊभित्र त अझै गान्धी जिउँदोजाग्दो नै थियो नि ! त्यसले उसलाई यसका लागि स्वीकृति दिनैसकेन । यसले त बरु उसैलाई बलिदान हुन पो प्रेरित गरिरहेको थियो त । घरसँग त पारपाचुकै नै भइसकेको थियो । किनभने, घरले त उसलाई ऊबेलै बेचिसकेको थियो । (पाठकलाई यसको सूचना अलि अगाडि नै दिन चुकेकोमा कथाकार माफी चाहन्छ ।) अब यो देश उसलाई बेच्ने तयारी गरिरहेको थियो । र, त्यसका लागि ऊ स्वयं सहर्ष तयार भएको थियो । के बाँकी थियो र अब उसको जिन्दगीमा !

कुनै देश आफ्नो कुनै प्रयोजनका लागि जवान बटुकहरूको खोजी गरिरहेको थियो । प्रष्ट थियो, त्यो मानव बलिकै लागि थियो । तेस्रो विश्वका ब्रोडसिट अखबारका वाण्टेड कलमहरू यसैको विज्ञापनले भरिएका थिए ।

यही मौकामा यो हाम्रो देशले भनेको थियो, 'मेरा सारा सन्तान भोका छन् । सबै भोको मरेको देख्नुभन्दा केहीलाई बेचेर म यिनको उचित लालनपालन गर्न चाहन्छु ।'

बलिको बटुकका लागि शुनःशेफहरू नै त उपयुक्त पात्र थिए ! जब हाम्रो यो शुनःशेफ बेचिन तम्तयार भएर त्यहाँ गएको थियो, त्यहाँ ऊजस्ता थुप्रै शुनःशेफहरू थिए । सबैको कथाव्यथा पनि त उस्तै थिए ! पुराण युगको शुनःशेफ कलिलो बालक थियो । अहिलेका यी शुनःशेफहरू लक्का जवान थिए, कुहिनाले नै पहाड धकेल्लान् जस्ता । मूल कुरामा भने पूरै समानता थियो, दुवै युगका शुनःशेफको सृष्टि बलिकै लागि भएको थियो ।

शुनःशेफहरूलाई जहाँ र जुन प्रयोजनका लागि लगिँदै थियो, यहाँ त्यसको एउटा ग्राण्ड रिहर्सल गरियो । शुनःशेफहरूको गर्धनमा सिक्री थियो । अन्ततः सरुभक्तको पात्रलाई सम्झाउनेगरी तिनीहरू सबैलाई शहर परिक्रमा गराइयो, र पछि मौलोमा बाँधियो । त्यसपछि हवाईजहाज चढाएर पठाइयो ।

ऊबेलाको शुनःशेफलाई मुक्ति दिने स्वयं बरुण भगवान् थिए जसका लागि बलि दिन भनी त्यो बालकलाई मौलोमा बाँधिएको थियो । तर, यहाँनिर प्रश्न निकै जटिल छ- अब यी आधुनिक शुनःशेफहरूलाई मुक्ति दिने कसले ? आफ्नो अकाट्य हत्याको सूचना हुँदाहुँदै पनि यी त हाँसीहाँसी बिदा भइरहेका थिए ।

■■■■■■■■■■■■■■■■■